Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880500/9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

प.सं.२०८१/८२
च.नं. ५८

मितिः २०८१/०६/१६

बिषयः सूचना टाँस गरि दिने सम्वन्धमा ।

श्री प्रदेश सभा सचिवालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा ।
श्री कृषि विकास निर्देशनालय, नक्टाझिज, धनुषा ।
श्री जिल्ला समन्वय समितिको कार्यालय,सिरहा ।
श्री स्थानीय तह सबै, सिरहा ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई, धनगढी, जिरोमाइल, सिरहा ।
श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिरहा ।
श्री प्रदेश लेखा इकाई कार्यालय, लहान, सिरहा ।

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्वीकृत वार्षिक अनुसार **सिंचाई व्यवस्थापन प्रवर्द्धन सहयोग (स्यालो टयूवेल/पम्पसेट/मोटर)** कार्यक्रम संचालनका लागि **प्रस्ताव आव्हानको सूचना** यसै पत्र साँथ संलग्न राखी पठाईएको छ । उक्त सूचना तहाँ कार्यालयको सूचना पाटीमा टाँस गराई सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

..........................
नरेन्द्र कुमार महासेठ
प्रमुख

**नरेन्द्र कुमार महासेठ**
**प्रमुख**
**दशौं तह**

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोन न. 033-520605
Mob. 9852880501

प.सं.२०८१/८२
च.नं.

**सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोग कार्यक्रम अन्तर्गत स्यालो ट्यूवेल/पम्पसेट/मोटर जडानका लागि प्रस्ताव आवह्यनको सूचना।**

प्रथम पटक प्रकाशित मितिः२०८१/०६/१६ गते

यस कृषि ज्ञान केन्द्र सिरहाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिंचाई व्यवस्थापन प्रबर्द्धन सहयोग (स्यालो ट्यूवेल/पम्पसेट/मोटर) कार्यक्रम संचालन गर्न १५ प्रतिशत लागत साझेदारीमा भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि, २०८१ ले तोके बमोजिमका शर्तहरुको अधिनमा रही इच्छुक कृषक, कृषि सहकारी संस्था, कृषि उत्पादनमा संलग्न निजि फर्म/उधमीहरुले माग गरिएको कागजाहरु सहित प्रथम पटक प्रकाशित मितिले २९ औं दिन भित्र (मिति २०८१/०७/१४ गते सम्म) कार्यालय समय भित्र तोकिएको ढाँचामा तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित्त नपुगेका र म्याद नाधी प्राप्त हुन आएका आवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ । आवेदनको ढाँचा यस कार्यालयको वेवसाईट www.akcsiraha.p2.gov.np बाट प्राप्त गर्न सकिन्छ ।

**तपसिल (अनुदानग्राहीको योग्यता तथा पेश गर्नु पर्ने आवश्यक कागजातहरु):**

- कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को टिकट टाँस गरी आवेदन दिनु पर्नेछ ।
- कृषि उत्पादनमा संलग्न दुई बिघा जग्गा भएको कृषक परिवार, एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई विगहा जग्गाको कलष्टरमा सिंचाई गर्न आपसी सहमति भएका उपभोक्ताहरु मध्ये एक जना कृषक र कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न निजि फर्म/उधमीहरु र लिजमा वा एकल स्वामित्वको कम्तीमा ४ बिघा जग्गा भएको जग्गा घनि पूर्जाको प्रतिलिपी वा लिजमा लिएको जग्गाको करारनामा/मन्जुरनामापत्र पेश गर्नु पर्ने ।
- स्थानिय तहमा रहेको कृषि बिकास शाखाको सिफारीश पत्र ।
- कृषकको हकमा नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र कृषि सहकारी संस्थाको हकमा अध्यक्ष, कोषाध्यक्ष र सचिवको नागरिक्ताको प्रतिलिपी ।
- आवेदक कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न निजि फर्म/उधमीहरुको हकमा संस्था दर्ता, नविकरण भएको प्रमाण पत्र र स्थायी लेखा नम्वर प्रमाण, २०८०/०८१ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।
- माग गरेको स्यालो ट्यूवेल जडान हुने जग्गाको नक्शाको बुल्लु प्रिन्ट/कम्प्यूटर प्रिन्ट/जि.पि.एस. (GPS Code) पेश गर्नु पर्नेछ ।
- कृषि सहकारी संस्थाको हकमा आयोजना प्रस्ताव गर्ने सम्बन्धमा कार्यकारिणी समितिको निर्णय प्रतिलिपी ।
- कृषि सहकारी संस्था/ निजि फर्म र उघमीहरुको हकमा आवेदन गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिक्ता प्रमाण पत्रको प्रतिलिपी र अख्तियारी पत्र ।
- बस्ती भन्दा बाहिर टाढाको खेत १० कठ्ठा भन्दा कम जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवारले २ इन्च ब्यासको स्यालो टयूवेल जडान गर्ने ईच्छुक कृषक वा कृषक परिवार ।
- यस किसिमको अनुदान पाइसके पछी दुई आ.व. ब्यतीत नभएको/झुटा बिवरण पेश गर्ने/कुनै बेरुजु वा अनियमिततामा परेको/कार्यालयमा खराव आचरण प्रस्तुत गरेको व्यक्ति वा परिवारको आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन ।
- आफ्नै खर्चमा स्यालो ट्यूवेल जडान गरिसकेका कृषक/कृषि सहकारी संस्था निजि फर्म/उधमीहरुले बिधुतिय मोटर/पम्पसेट माँग गर्न सकिनेछ
- गत विगत बर्षहरुमा अनुदान नलिएको कृषक/कृषि सहकारी संस्था/ कृषि उत्पादनमा संलग्न निजि फर्म/उधमीहरुलाई प्राथमिक्ता दिईनेछ ।
- बिशेष जानकारीको लागि मो.न.९८५२८५०६०५ र मो.न.९८५२८८०५०५ मा सम्पर्क गर्न सकिन्छ ।

..................
कृषि ज्ञान केन्द्र, सिरहा
नरेन्द्र कुमार महासेठ
प्रमुख